# लघु, घरेलु तथा साना उद्योगको वर्तमान अवस्था, भूमिका, समस्या र चुनौतीहरू

शोभा गुरुङ्ग[1]

## नेपाल घरेलु तथा साना उद्योग महासंघः संक्षिप्त परिचय

लघु, घरेलु तथा साना उद्योगहरुको हक र हितको संरक्षण र सम्बर्द्धन गर्दै यस क्षेत्रको विकास र प्रवर्द्धन मार्फत मुलुकलाई औद्योकिरणतर्फ उन्मूख गराउने उद्देश्यका साथ २०४७ सालमा स्थापना भएको नेपाल घरेलु तथा साना उद्योग महासंघको संजाल मुलुकभर रहेको छ । ३५ हजार भन्दा बढी उद्यमी साधारण सदस्य रहेको यस महासंघ अन्तर्गत २७ वटा वस्तुगत संघहरु संस्थागत सदस्यको रुपमा आबद्ध छन् । महासंघमा एसोसियट सदस्यहरु र सहकारी सदस्यहरु समेत रहेका छन् । साथै ११ हजार भन्दा बढी महिला उद्यमीहरु सदस्य रहेको र ६२ जिल्लामा जिल्ला महिला उद्यमी समिति विस्तार भएको र केन्द्रमा केन्द्रीय महिला उद्यमी समिति कृयाशिल रहेको छ । महासंघको ७ वटै प्रदेश, ७७ वटै जिल्ला र ३०० भन्दा बढी पालिकाहरुमा संगठन विस्तार भएको छ भने ७ वटै प्रदेश, ६२ वटा जिल्ला र पालिकाहरुमा महिला उद्यमी समिति क्रियाशिल रहेका छन् ।

## लघु, घरेलु तथा साना उद्योगको पृष्ठभूमि

नेपालमा लघु, घरेलु तथा साना उद्योगको विकास सदियौं अगाडिदेखि हुदै आएको देखिन्छ । त्यसबेला स्थानीय आवश्यकताहरु यस्तै साना उद्योगहरुद्वारा परिपूर्ति हुने गर्थे । वि.स.१९८३ मा स्थापना गरिएको त्रिचन्द्र कामधेनु चर्खा प्रचारक महागुठी तथा वि.स. १९९४ मा स्थापना गरिएको नेपाली कपडा र घरेलु इलम प्रचार अड्डाले नेपालमा घरेलु उद्योगको विकासतर्फ संस्थागत प्रयास सुरु गरको देखिन्छ । यसरी लघु, घरेलु तथा साना उद्योगको विकास हुन थाले पनि यस क्षेत्रको पर्याप्त विकासको निमित्त स्थायी नीति तथा कार्यक्रमहरुको अभाव तथा यस क्षेत्रले आयातित तथा अन्य सामानहरुसंग गर्नु परेको असमान प्रतिस्पर्धाले गर्दा यसको उचित विकास हुन सकेन । नेपालको भूबनोट, प्रविधि तथा पूँजीआदिका कारणले गर्दा पनि यहां ठुला उद्योग भन्दा सानाउद्योग नै बढी सफल हुन सक्ने सम्भावनाहरु छन् । नेपालको निर्यात व्यापार गलैंचा, पश्मिना, तयारी पोशाक तथा हस्तकलामा आधारित भएको कारणले पनि लघु, घरेलु तथा साना उद्योगले देश विकासमा राम्रो टेवादिन सकेको देखिन्छ । यी निर्यातमूलक उद्योगहरु अधिकांश लघु, घरेलु तथा साना उद्योगकै रुपमा छन् । लघु, घरेलु तथा साना उद्योगमा संख्यात्मक वृद्धि देखिनुका साथै यसले महत्वपुर्ण रोजगारीको अवसर पनि सृजना गरेको छ ।

## लघु, घरेलु तथा साना उद्योगको परिभाषा

### लघु उद्योग

- घर जग्गा बाहेक बढीमा २० लाख सम्म स्थिर पूँजी रहेको
- उद्यमी स्वयम् उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको
- उद्यमी सहित बढीमा ९ जना कामदार रहेको
- वार्षिक कारोवार १ करोड रुपैया भन्दा कम रहेको

[1] उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ

## घरेलु उद्योग

- परम्परागत सिप र प्रविधिमा आधारित

## साना उद्योग

- लघु र घरेलु उद्योग बाहेकको बढिमा रु. १५ करोड रुपैया सम्म स्थिर पुँजी भएको उद्योग

## लघु, घरेलु तथा साना उद्योगको वर्तमान अवस्था

उद्योग विभागको आर्थिक बर्ष २०७७/७८ को तथ्यांक अनुसार मुलुकभर दर्ता भएका लघु, घरेलु तथा साना उद्योगको संख्या ६,०२,९२१ रहेको भएता पनि ४,८७,६४३ मात्र नविकरण भई दर्ता कायम रहेका छन् । ती उद्योगहरुमा रु. ८०१८९.३ करोड लगानी भएको र ३२,८९,५१६ लाई रोजगारी दिएको छ । कुल ग्राहस्थ उत्पादनमा लगभग ५ प्रतिशत योगदान रहेको औद्योगिक क्षेत्रको ९० प्रतिशत योगदान लघु घरेलु तथा साना उद्योगको रहेको छ । यी लघु, घरेलु तथा साना उद्योगहरुले स्थानीय कच्चा पदार्थको उपयोग गरि स्थानीय श्रमबाट थोरै पूँजी, सरल प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै आय आर्जनको माध्यमबाट स्थानीय अर्थतन्त्र सुदृढ पार्न महत्वपूर्ण योगदान गरेको छ । स्थानीय स्तरमा आर्थिक रुपमा आत्मानिर्भर हुदै राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दै देशको गरिवी न्युनीकरण र रोजगारी श्रृजनामा समेत अहम भूमिका रहेको लघु घरेलु तथा साना उद्योगले नेपाली सीप, कला संस्कृति र परम्परालाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउदै निर्यात प्रवर्द्धनमा समेत योगदान पुऱ्याएको भएता पनि आधुनिक प्रविधिको अभाव, सरल वित्तीय पहुंचको अभाव, बजार व्यवस्थापनको अभाव जस्ता विविध समस्या भोग्दै आएका लघु घरेलु तथा साना उद्योगहरु २०७२ बैशाख १२ को विनासकारी भुकम्प र २०७६ देखिको कोरोना महामारीबाट नराम्ररी प्रभावित भएका छन् ।

## लघु, घरेलु तथा सानाउद्योगको भूमिका

- गरिवी निवारण
- महिला सशक्तिकरण
- समावेशीकरण
- समानुपातिक अवसरको विकास
- परम्परागत प्रविधिको विकास
- सँस्कृतिको जगेर्ना
- स्थानीय तहमा अवसरको सिर्जना
- परम्परागत कृषिलाई औद्योगिक कृषिमा रुपान्तरण
- खेर गैरहेको कच्चा पदार्थलाई औद्योगिक बस्तुमा रुपान्तरण
- प्राकृतिक स्रोतको दिगो उपयोग
- स्वरोजगार तथा रोजगारीको सृर्जना
- स्थानीय जनशक्तिको उपयोग
- सवल राष्ट्रिय अर्थतन्त्रको निर्माण

## लघु, घरेलु तथा सानाउद्योगहरुका समस्या र चुनौतीहरु

सिमित परिमाणमा उत्पादन हुने र उद्यमहरु छरिएर रहनु, उत्पादित वस्तुहरुको ग्रेडिङ, टेष्टिङ, प्याकेजिङ, लेबलिङ, प्रमाणिकरण जस्ता गुणस्तर संग सम्बन्धित समस्याहरु

- व्यवसाय शुरु गर्नका लागि विऊ पूँजीको अभाव, वित्तीय पहुँचमा समस्या
- बजारीकरणको समस्या, आधुनिक प्रविधिको उपयोग गर्न नसक्नु, उत्पादन लागत बढि हुने हुदा आयातित वस्तुहरुसंग प्रतिस्पर्धा गर्न कठिनाइ हुनु,
- उत्पादित वस्तुहरुको विक्रि कक्ष तथा प्रदर्शनी स्थलको अभाव, स्वदेशी वस्तु उपयोगमा सार्वजनिक निकाय एवं राज्य समेतले उदासिनता देखाउनु
- तिब्र गतिमा भएको सूचना प्रविधिको विकासँगै अद्यावधिक हुन नसक्नु
- कच्चा पदार्थको उपलव्धता पर्याप्त नहुनु
- दोहोरो, तेहोरो कर प्रणालीका कारण लागत मूल्य बढ्नु
- दुर दराजमा उत्पादित वस्तुहरुको ढुवानी समस्या
- अधिक बैंक व्याजदरका कारण उद्योग सञ्चालन तथा व्यवस्थापनमा समस्या

## लघु, घरेलु तथा साना उद्योग क्षेत्रको विकासमा नेपाल सरकारवाट भएका पहल तथा नीतिगत व्यवस्था

- घरेलु तथा सानाउद्योग बिभाग
- लघु, घरेलु तथा सानाउद्योग विकास कोषको स्थापना
- महिला उद्यमशिलता विकास कोषको स्थापना (हाल माथि उल्लेखित कार्यहरु खारेज गरिएको )
- सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिका
- सहुलियतपूर्ण कर्जा र पुनरकर्जा
- औद्योगिक ग्राम संचालनको प्रक्रिया
- लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
- औद्योगिक नीति-२०६७ मा महिला र लघु, घरेलु तथा साना उद्योगलाई विशेष व्यवस्था

## लघु, घरेलु तथा साना उद्योगमा सुधारको अपेक्षा

क) नीति तथा ऐन ऐनहरुलाई समयानूकल लघु घरेलु तथा साना उद्योग मैत्री हुने गरी परिमार्जन गर्दै जानुपर्ने ।

ख) वित्तीय पहुँचको अभिवृद्धिका लागि केन्द्रीय बैंकको हैसियतमा नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरुलाई उत्पादनमुलक औद्योगिक क्षेत्रमा लगानी गर्न निर्देशित गरे अनुसार बैंक तथा वित्तीय संस्थाहरु उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगको क्षेत्रमा इमान्दारी पूर्वक लगानी गर्न तयार हुनुपर्दछ ।

ग) प्रविधि माथिको पहुँच लघु, घरेलु तथा साना उद्योगको प्रमुख समस्या मध्ये एक हो । यस क्षेत्रमा प्रविधि पहुँचका लागि क्रियाशिल विभिन्न निकायहरुको विचमा समन्वय नहुँदा अपेक्षाकृत उपलव्धि प्राप्त हुन सकेको देखिंदैन । तसर्थ यी सवै निकायलाई समन्वय गर्दै प्रविधि पहुँच अभिवृद्धि गर्न र प्रविधि हस्तान्तरण गर्न उद्योग मन्त्रालय अन्तर्गत एउटा विशिष्ट व्यवस्था हुन

जरुरी देखिन्छ ।

घ) उद्यमशिलताको विकासका लागि हाल भइरहेको दोहोरो तेहोरो व्यवस्थालाई समाप्त गर्दै एकद्वार प्रणालीबाट उद्योग विकास र उद्यम प्रवर्द्धनमा काम गर्ने संरचना निर्माण गरिनु पर्दछ ।

ङ) सरकारी निकायहरुबाट संचालन गरिने लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनका कार्यक्रमहरुका लागि पर्याप्त बजेट विनियोजन गर्न र निजी क्षेत्रमा स्थापित नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायतका छाता संस्थाहरुसँग समन्वय गरि कार्यक्रम संचालन गर्न जरुरी छ ।

च) लघु, घरेलु तथा साना उद्योगमा पुर्नकर्जा र सहुलियतपूर्ण कर्जाको व्यवस्थालाई यथावत कायम राखिनु पर्दछ ।

छ) नेपाल घरेलु तथा साना उद्योग महासंघ समेतको प्रयास पश्चात नेपाल सरकारले जारी गरेको “सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिका” मा विदेशी बस्तु भन्दा १५ प्रतिशत सम्म महङ्गो भएपनि स्वदेशमै उत्पादित वस्तु खरिद गर्नुपर्ने प्रावधान रहेको छ । स्वदेशमा उत्पादित वस्तु खरीद प्रकृयालाई बढावा दिई स्वदेशी उद्योगलाई प्रोत्साहन दिने उद्देश्यले बनाइएको यस निर्देशिकाको प्रभावकारी कार्यान्वयन हुन सकेमा नेपाली उत्पादनहरुले स्वदेशमै बजार पाउने र मुलुक औद्योगिकरण तर्फ उन्मुख हुने, रोजगार अभिवृद्धि हुने तथा आत्मनिर्भरता तर्फ अग्रसर हने हुँदा सो निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि पहल गरिनु पर्ने देखिन्छ ।

ज) लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरु गुणस्तरीय र निर्यातयोग्य हुँदाहुँदै पनि सूचना र बजार पहिचानको अभावमा निर्यात हुन नसकिरहेकोले गुणस्तरीय बस्तुहरुको निर्यात वृद्धि गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप एउटा राष्ट्रिय स्तरको **निर्यात गृह**को स्थापनाका लागि नेपाल सरकारले आवश्यक स्थान तथा बजेटको व्यवस्था गरिदिनु पर्दछ ।

ज) देशका कुना कुनामा छरिएर रहेका र सानो पूँजीबाट संचालन हुने लघु, घरेलु तथा साना उद्योगले आफ्नै लगानीमा महँगा विज्ञापन गर्न नसक्ने तथ्यलाई हृदयंगम गरि महासंघले जिल्ला स्तरीय, प्रदेश स्तरीय र केन्द्रस्तरका औद्योगिक प्रदर्शनीहरु गर्दै आएको छ । विभिन्न निकायहरुको सहयोगमा औद्योगिक प्रदर्शनीहरुमा महासंघले सहभागी गराउदै उनीहरुबाट उत्पादित वस्तुहरुको सामूहिक प्रचारप्रसार गराउने कार्य गर्दै आएको सन्दर्भमा नेपाल सरकारले सम्बन्धित मन्त्रालय मार्फत प्रत्येक बर्ष निश्चित रकम औद्योगिक प्रदर्शनीहरु आयोजनाका लागि महासंघलाई अनुदानउ पलव्ध गराउने व्यवस्था गर्नु पर्दछ ।

झ) लघु, घरेलु तथा साना उद्योगहरुको संरचना, व्यवस्थापन, स्रोत साधनको प्रयोग र उत्पादन क्षमता ठुला उद्योगको भन्दा बिलकुल भिन्न भएकोले यस क्षेत्रको विकासको लागी ठुला उद्योगहरुलाई बढी प्राथमिकता दिएके बिद्यमान औद्योगिक नीति अपर्याप्त हुने हुँदा लघु, घरेलु तथा साना उद्योगको लागी भिन्दै नीतिको व्यवस्था हुनु पर्दछ ।

ञ) बिगतमा नेपाल सरकार उद्योग मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग बिभाग गठन भई लघु, घरेलु तथा साना उद्योगका विकासको लागी बिभिन्न कार्यक्रम सञ्चालन, अनुगमन, सुपरिवेक्षण तथा निर्देशन गर्ने काम भएता पनि हाल उक्त विभागलाई खारेज गरि उद्योग विभाग अन्तर्गत काम गरीएको हुँदा यस क्षेत्रको विकासको लागी यथोचित काम हुन नसकिरहेको सन्दर्भमा लघु, घरेलु तथा साना उद्योग हेर्ने एक अलग सरकारी निकायको गठन हुनु पर्दछ ।

## निष्कर्ष

नेपालको भौगोलिक अवस्थिति, यहाँ पाइने स्थानीय कच्चा पदार्थ समेतलाई दृष्टिगत गर्दा हाम्रो देशमा लघु, घरेलु तथा साना उद्योगको नै बढी सम्भावना देखिन्छ । यसका अलावा यस्ता उद्योगहरु पारिवारिक जनशक्तिले मात्र पनि सञ्चालन गर्न सकिने हुँदा ग्रामिण महिला दिदी वहिनीहरुले घरमै बसेर स-साना लघु, कुटिर उद्योगहरु सञ्चालन गरि आय आर्जन गर्न सक्दछन् । यस्ता उद्योगहरु सञ्चालन गर्न धेरै पूँजीको आवश्यकता नपर्ने, स्थानीय स्तरमा पाइने कच्चा पदार्थको प्रयोग गरेर स्थानीय बजारमा खपत हुने वस्तुहरु उत्पादन हुन सक्ने तथा परम्परागत सीप कलाको प्रयोगबाट निर्यातमूलक वस्तुहरु समेत उत्पादन गर्न सकिने भएको हुँदा पनि हाम्रो देशमा यस्ता उद्योगको सम्भावना अधिक रहेको छ। राज्यले सहज रुपमा माग अनुरुपको कर्जा उपलव्ध गराउने व्यवस्था गरिदिएमा, बजार विस्तारका लागि यातायातको भरपर्दो व्यवस्था हुन सकेमा लघु, घरेलु तथा साना उद्योगले देशको आर्थिक विकासमा अझ बढी योगदान दिन सक्ने यथेष्ट आधारहरु छन् । देश विकासको लागि स्वदेशी उद्योग सञ्चालन गरी राष्ट्रिय उत्पादनको वृद्धिका साथै देशको अर्थतन्त्र सुदृढ गर्न सकिन्छ र यसबाट नै रोजगारी वृद्धि भई गरीबी न्यूनीकरण गर्न मद्धत पुग्छ ।

लघु, घरेलु तथा साना उद्योग क्षेत्रलाई उद्योग विकासको मात्र नभई देश विकासकै माध्यम बनाउन सकिन्छ । उदाहरणका लागि हामीले भारत र चीनलाई लिन सक्तछौं । हाम्रा छिमेकी मुलुकहरुले शुरुमा लघु, घरेलु तथा साना उद्योगहरुलाई संरक्षण र सम्बर्द्धन गरेर नै आज देश आर्थिक विकासमा द्रुतगतिले अगाडी बढिरहेका छन् । अझ चीनले त विश्व बजारमा नै आफ्नो प्रभुत्व जमाउन सफल भैसकेको छ । तसर्थ हामीले पनि छिमेकी मुलुकहरुको आर्थिक विकासबाट शिक्षा लिनु पर्छ । जग बलियो भयो भने मात्र घर बलियो हुन्छ। लघु, घरेलु तथा साना उद्योग भनेको औद्योगिक क्षेत्रको जग भएकोले यसको विकासबाट मात्र देशको समग्र आर्थिक विकास हुन सक्तछ । तसर्थ यस क्षेत्रको महत्वलाई बुझि उद्योग व्यवसायहरु फस्टाउन सक्ने सुरक्षित र अनुकुल वातावरणको आवश्यकता छ । सवैले यसलाई गम्भिर रुपमा लिई सो अनुरुप आर्थिक एजेण्डालाई अगाडी बढाएर नयाँ नेपालको निर्माण गर्न सकिन्छ । देशमा लघु, घरेलु तथा साना उद्योगले बृहत्तर क्षेत्र ओगटेको र यसको उचित विकास, संरक्षण र सम्वर्द्धन गर्नुपर्छ भन्ने मान्यताका साथ २०४७ सालमा निजी क्षेत्रको तर्फबाट नेपाल घरेलु तथा साना उद्योग महासंघको स्थापना भएको हो र यसको उद्देश्य अनुसार यस क्षेत्रको विकासका लागि महासंघ प्रतिवद्धताका साथ लागिपरेको छ ।